**मिति २०७८।०४।२८ गते बसेको निस्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकका प्रस्तावहरु**

१) रिर्पोटिङ सम्वन्धमा ।

२) लेन्थ मेन सम्वन्धमा ।

३) आ.व २०७८।०७९ को बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

४) आइसोलेसन कक्ष निर्माण सम्वन्धमा ।

५) विविध सम्वन्धमा ।

नि.नं१) प्रस्ताव नं १ माथि छलफल गर्दा वडागत तथा गाउँपालिकास्तरबाट प्रवाह गरीएको सेवा बारे रिपोर्टिङ भयो । राष्ट्रिय परिचय पत्र बितरण कार्य सवै वडामा नियमित भइरहेको जानकारी लिइयो । राष्ट्रिय परिचय पत्र बितरण गर्न आउनु भएको सवै वडामा रहेको टोलीको खाना तथा खाजा खर्च गाउँपालिकाले विविध खर्च शिर्षक बाट बेहोर्ने निर्णय गरीयो ।

नि.नं २ ) प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगत रहेका सात वटै वडामा मुख्य सडक तथा शाखा सडक मर्मत गर्न प्रत्येक वडामा १० जनाका दरले लेन्थ मेन राख्ने निर्णय गरीयो । यसको लागी सम्पूर्ण प्रक्रिया तथा जिम्मेवारी वडा कार्यालयलाई दिने निर्णय गरीयो ।

नि.नं ३ ) प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व २०७८।०७९ को बार्षिक बजेटमा उल्लेख भएको सडक मर्मत , लुम्बिनी प्रदेश संगको समपुरक योजनाहरु टेण्डर गर्ने निर्णय गरीयो । साथै उपभोक्ता समितिबाट सम्पन्न गरीने योजनाको लागी २०७८।०५।१५ गते सम्ममा योजना उपभोक्ता समिति गठन गर्ने निर्णय गरीयो ।

नि.नं ४ ) प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको लागी आइसोलेसन कक्ष निर्माण गर्न केम खाम्चा स्मृति भवन तय गरीयो । साथै आइसोलेसन कक्ष निर्माणको लागी केम खाम्चा स्मृति भवन रंगरोगन शिर्षकको रु २७०००० र नपुग रकम प्रकोप व्यवस्थापन कोष बाट खर्च हुने गरी कोटेसन बाट गर्ने निर्णय गरीयो ।

नि.नं ५) प्रस्ताव नं ५ माथि छलफल गर्दा कृषि शाखाको लागी ना.प्रा.स को रिक्त दरबन्दी पदपूर्तिको लागी बिज्ञापन गर्ने निर्णय गरीयो । साथै जनता मा.बि निस्दी ५ को लागी साधारण तर्फ शिक्षा शास्त्र संकायमा ११ कक्षा संचालनको लागी तथा बाली बिज्ञान अन्तरगत कृषि बिषयको कक्षा ११ संचालनको लागी अनुमति प्रदान गर्ने निर्णय गरीयो । निस्दी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि लाइ ठाउँसारी गरी "घ" बर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरीयो ।

रिता कुमारी कलस उपाध्यक्ष

Scanned with CamScanner